# आर्थिक बर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

स्थानीय सरकार

## गल्छी गाउँपालिका

बैरेनी, धादिङ

बागमती प्रदेश

२०८३

# गल्छी गाउँपालिकाका उपाध्यक्ष श्री भाइकाजी तिवारीज्यूबाट प्रस्तुत आ.व.२०८३।०८४ को बजेट वक्तव्य

**श्रद्धेय सभाध्यक्षज्यू तथा सभा सदस्य ज्यूहरु,**

१. नेपालको संविधानको धारा २३० बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक बर्ष २०८३/०८४ को लागि वार्षिक आय र व्यय विवरण सहितको विनियोजन गरिएको मुख्य मुख्य कार्यक्रम यस सम्मानित गाउँसभाको पन्ध्रौ अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२. सर्वप्रथम, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्राप्तिको क्रममा भएको ऐतिहासिक आन्दोलनमा आफ्नो जीवनको उत्सर्ग गर्नुहुने सबै काल खण्डका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतन्त्र प्राप्तिको आन्दोलनमा त्याग, तपस्या र नेतृत्व प्रदान गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दछु। घाइते योद्वाहरुको स्वास्थ्य लाभको कामना गर्दछु।

३. गल्छीबासीको अपेक्षा र विकासका आवश्यकता असीमित छन्, प्राप्त स्रोत साधनहले ती अपेक्षा र आवश्यकता एकै पटक सम्बोधन हुन सक्दैनन् । ग्रामिण अर्थव्यवस्थामा आधारित गाउँपालिकाको आन्तरिक आय कमजोर रहेकाले संघ तथा प्रदेशबाट प्राप्त हुने आयमा गाउँपालिकाको बजेटको अत्याधिक हिस्सा निर्भर रहेको छ ।

४. संघ तथा प्रदेशबाट प्राप्त हुने आयमा ससर्त तर्फको हिस्सा बढ्दै गएको र गाउँपालिकाबाट बाँडफाँड गर्ने हिस्सा तुलनात्मक रूपमा कम हुन गएकोले स्थानीय आवश्यकता बमोजिम गर्नुपर्ने लगानीको स्रोत सीमितताले गर्दा विकासमा गर्नुपर्ने लगानीको स्रोत जुटाउन कठिन भएको यथार्थको बिचमा रही आगामी आ.व. २०८३/०८४ को बजेट तर्जुमा गर्नुपरेको छ ।

५. नेपाल सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त हुने ससर्त, वित्तीय समानीकरण, समपूरक र विशेष अनुदान, राजश्व बाँडफाँड र गाउँपालिकाको आन्तरिक आम्दानी समेतको अनुमानमा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्न गाउँपालिकाको सबै पक्षको

विकासलाई केन्द्रबिन्दुमा राखी सन्तुलित बनाउने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

६. नेपालको संविधान, सोह्रौं पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार तथा बागमती प्रदेश सरकारको आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेटको लक्ष्यसँग तादम्यता हुने गरी **"समृद्ध गाउँपालिकाः सुखी र आत्मनिर्भर गल्छीबासी"** सोचलाई आधार मानेर उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोग गरी सेवा प्रवाह, विकास निर्माण र सुशासन कायम हुने गरी बजेट निर्माणमा जोड दिएको छु।

७. आर्थिक वर्ष २०८३/०८४ को बजेटले वर्तमान अवस्थामा सिर्जित समस्या तथा चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रही सुशासन सहितको आर्थिक, सामाजिक तथा मानवीय विकास गर्न हाम्रा सम्पूर्ण प्रयासहरु यसैमा परिलक्षित रहेका छन् ।

**सभाध्यक्ष एवं सदस्य ज्यूहरु,**

८. अव म, गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटको उद्देश्य तथा प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :**

(क) उपलब्ध स्रोतसाधन तथा अबसर र क्षमताको अधिकतम परिचालन गरी गरिवी निवारण र रोजगारी अभिवृद्धि गर्नु।

(ख) समाजबाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि आवश्यक भौतिक, आर्थिक तथा सामाजिक पूर्वाधार विकासमा जोड दिनु।

(ग) कृषि तथा गैरकृषि उत्पादन वृद्धि आयआर्जन बढाउनु ।

(घ) गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सुनिश्चित गर्नु ।

(ङ) वातावरणीय सन्तुलन कायम राख्दै दिगो विकास प्रवर्द्धन गर्नु ।

(च) सेवा प्रवाहलाई छरितो, पारदर्शी र प्रविधिमैत्री बनाई सुशासन कायम गर्नु ।

**आगामी आ.व. २०८३/०८४ को बजेटको प्राथमिकताका क्षेत्रहरू देहाय बमोजिम रहेका छन् ।**

(क) सीपयुक्त जनशक्ति र उद्यमशीलता विकास तथा रोजगारी र स्वरोजगारीका अवसरको सृजना गर्ने ।

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल दिने योजना कार्यक्रममा जोड दिने।

(ग) गाउँपालिका केन्द्र जोड्ने सडकलाई प्राथमिकतामा राखी विभिन्न सडकहरुको स्तरोन्नती तथा मर्मत सुधार गरी सडकको गुणस्तर वृद्धि गर्ने।

(घ) शिक्षा, स्वास्थ्य र खानेपानीमा सेवाको सर्वसुलभ पहुँचमा अभिवृद्धि र सेवाको गुणस्तरमा जोड दिने।

(ङ) कृषि, पशु, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र संरक्षणमा जोड दिने।

(च) सामाजिक सुरक्षा र सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने।

(छ) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धि गर्ने।

(ज) शैक्षिक सुधारको लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी प्रक्रिया होइन, परिणाममुखी कार्यक्रमहरु सञ्चालन गर्ने ।

९. **बजेट तर्जुमाका आधारहरुः** उल्लिखित उद्देश्य परिपूर्ति गर्नका लागि बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिइएको छ।

१. संघीय सरकारको आवधिक योजना, लक्ष्य, उद्देश्य एवम् प्राथमिकता र रणनीतिहरू
२. प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना
३. संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेट
४. दिगो विकासका लक्ष्यहरू
५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
६. विषयगत समितिको सिफारिस
७. वडा समितिको प्राथमिकताका कार्यक्रमहरु
८. विज्ञ समूहको परामर्श तथा सुझाव
९. कार्यपालिकाले आवश्यक ठानेका र जनसहभागिता जुट्ने आयोजनाहरु

१०. विपन्न परिवारको आयआर्जनको योजनाहरू
११. क्रमागत विकास योजनाहरु

**श्रद्धेय सभाध्यक्ष एवं सदस्य ज्यूहरु,**

१०. नेपाल सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानको रकम सम्बन्धित शीर्षकमा खर्च हुने व्यवस्था मिलाएको छु। गाउँपालिकाको प्रशासनिक खर्च राजस्व बाँडफाँड र आन्तरिक स्रोतबाट हुने गरी व्यवस्था मिलाएको छु । प्रशासनिक खर्चलाई वस्तुनिष्ठ बनाउदै पुँजीगत खर्च तर्फ वजेट वृद्दि गर्ने प्रयत्न गरेको छु । अब म समष्टिगत रूपमा बजेटको अनुमानित विवरण प्रस्तुत गर्दछु ।

<u>आय व्ययको अनुमानित विवरण</u>

| क्र. सं | आय | | क्र. सं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १ | आन्तरिक आय | १६ करोड ५८ लाख ९१ हजार ८ सय २४ | १ | सङ्घीय सशर्त चालु | १८ करोड ८६ लाख |
| | १.१ आन्तरिक राजस्व | ५ करोड ३८ लाख ९१ हजार ८ सय २४ | २ | प्रदेश सशर्त चालु | २ करोड ११ लाख ७९ हजार |
| | १.२ स्थानीय राजस्व बाँडफाँड (दहत्तर बहत्तर) | ५ करोड | ३ | प्रदेश विशेष पूँजीगत | ५० लाख |
| | १.३ नगद मौज्दात | ५ करोड | ४ | प्रदेश समपूरक योजना (गा.पा. साझेदारी समेत) | ५करोड ८५ लाख |
| | १.४ स्थानीय राजस्व बाँडफाँड (घरजग्गा रजिष्ट्रेशन शुल्क) | १ करोड २० लाख | ५ | वडास्तरीय योजना | ३ करोड ४० लाख |
| २ | संघीय आय | ४१ करोड ४३ लाख ५८ हजार | ६ | शाखास्तरीय कार्यक्रम | ९ करोड ३७ लाख ६४ हजार १ सय २९ |
| | २.१ समानीकरण अनुदान | १३ करोड ५८ लाख | ८ | स्थानीय विशेष योजना | २ करोड ५० लाख |
| | २.२ सशर्त अनुदान चालु | १८ करोड ८६ लाख | ९ | अन्य विविध योजना | १ करोड ३० लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | तथा कार्यक्रमहरू | |
| | २.३ राजस्व बाँडफाड | ८ करोड ९९ लाख ५८ हजार | १० | गत वर्षको दायित्व | ५ करोड |
| ३ | प्रदेश आय | ९ करोड ५७ लाख ९३ हजार ३ सय ५ रूपैंया | ११ | चालु खर्च | १२ करोड ५० लाख |
| | ३.१ समानीकरण अनुदान | १ करोड २७ लाख ४४ हजार | १२ | साझेदारी कार्यक्रम | १ करोड ७० लाख |
| | ३.२ समपुरक अनुदान पूँजीगत | २ करोड ३४ लाख | १३ | विविध | ३० लाख |
| | ३.३ सशर्त अनुदान चालु | २ करोड ११ लाख ७९ हजार | १४ | पालिकास्तरीय योजना | ३ करोड ५० लाख |
| | ३.४ विशेष अनुदान पूजीगत | ५० लाख | १५ | विविध सार्वजनिक निर्माण | ७० लाख |
| | ३.५ सवारी कर बाँडफाड | ३ करोड ३४ लाख ७० हजार ३ सय ५ | | | |
| | जम्मा | ६७ करोड ६० लाख ४३ हजार १ सय २९ रूपैंया | | जम्मा | ६७ करोड ६० लाख ४३ हजार १ सय २९ रूपैंया |

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि उपरोक्तानुसारको कुल ६७ **करोड ६० लाख ४३ हजार १ सय २९ रुपैयाँ** आय अनुमान गरिएकोमा आन्तरिक स्रोतबाट **१६ करोड ५८ लाख ९१ हजार ८ सय २४ रुपैंया** प्राप्त हुने अनुमान गरेको छु।जुन रकम कुल बजेटको **२४.५५** प्रतिशत रहेको छ। साथै सघीय सरकारबाट प्राप्त हुने कुल अनुदान रू ४१ करोड ४३ लाख ५८ हजार प्राप्त हुने अनुमान गरेको छु। जुन कुल विनियोजित रकमको ६१.२९ प्रतिशत हुन आउँछ। यसैगरी बागमती प्रदेश सरकारबाट प्राप्त हुने कुल अनुदान ९ करोड ५७ लाख ९३ हजार ३ सय ५ रूपैंया प्राप्त हुने अनुमान गरेको छु। जुन कुल विनियोजित रकमको १४.१६ प्रतिशत हुन आउने बेहोरा निवेदन गर्दछु।

अब म उक्त अनुमानित आयको मुख्य मुख्य कार्यक्रम क्षेत्रगत विनियोजन प्रस्तुत गर्दछु ।

- **सामाजिक विकास तर्फ संघ तथा प्रदेश सरकारबाट प्राप्त कार्यक्रम सहित रू. २६ करोड ८७ लाख ७० हजार ९ सय ५१ रूपैंया विनियोजन गरेको छु ।**

जस मध्ये

- शिक्षा, युवा तथा खेलकुद तर्फ १८ करोड १९ लाख ९६ हजार ३ सय विनियोजन गरेको छु ।
- स्वास्थ्य तर्फ ६ करोड ५६ लाख ३४ हजार विनियोजन गरेको छु ।
  नेपाल सरकारको स्रोतबाट निर्माण सुरू भएको बैरेनी आधारभूत अस्पताल पछिल्लो समयमा गाउँपालिकाको स्रोतबाट सम्पन्न हुने चरणमा छ। उक्त निर्माण यसै वर्ष सम्पन्न गरेर १५ शैयाको अस्पतालको रूपमा सञ्चालन गरिनेछ। उक्त अस्पताललाई बागमती प्रदेश सरकार समेतको सहयोगमा यस क्षेत्रकै ट्रमा सेन्टरको रूपमा विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाले आयुर्वेद तथा चिकित्सा पद्दतिलाई समेत मध्यनजर गर्दै बैरेनी आयुर्वेद औषधालयलाई आवश्यक बजेट विनियोजन गरेको छु। आयुर्वेद तर्फ कुल रू. ५८ लाख विनियोजन गरेको छु ।
- महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ ४२ लाख ८० हजार विनियोजन गरेको छु ।
- पञ्जीकरण तथा सामाजिक सुरक्षा तर्फ १३ लाख ८३ हजार ८ सय ५१ रूपैंया विनियोजन गरेको छु ।
- खानेपानी तथा सरसफाइ तर्फ ५५ लाख ५० हजार विनियोजन गरेको छु।
- बालमैत्री स्थानीय शासन कार्यक्रम तर्फ ४१ लाख २६ हजार ८ सय विनियोजन गरेको छु।

➢ **आर्थिक विकास तर्फ जम्मा १ करोड ९८ लाख ४ हजार १ सय ७८ रूपैंया विनियोजन गरेको छु।**

जस मध्ये

- कृषि विकास तर्फ ६२ लाख २० हजार विनियोजन गरेको छु ।
- पशुपन्छी विकास तर्फ ६३ लाख २० हजार विनियोजन गरेको छु ।
- सहकारी तर्फ ७ लाख ५० हजार विनियोजन गरेको छु ।
- उद्योग तथा बाणिज्य तर्फ १४ लाख विनियोजन गरेको छु ।

- रोजगार तथा उद्यमशीलता प्रवर्द्धन तर्फ ५१ लाख १४ हजार १७८ रूपैंया विनियोजन गरेको छु ।

➢ **पूर्वाधार विकास तर्फ २२ करोड ३० लाख रुपैया विनियोजन गरेको छु । जस मध्ये**

- वडा स्तरीय योजना सञ्चालनको लागि रु. ३ करोड ४० लाख विनियोजन गरेको छु ।
- प्रदेश समपुरकका योजना सञ्चालन गर्न गाउँपालिकाको साझेदारी सहित कुल ५ करोड ८५ लाख विनियोजन गरेको छु ।
- गाउँपालिकास्तरिय योजनाका लागि रु. ३ करोड ५० लाख रुपैया विनियोजन गरेको छु।
- चालु आ.व. मा भुक्तानी हुन नसकी दायित्व सरेका योजनाका लागि ५ करोड विनियोजन गरेको छु ।
- विभिन्न संघ संस्थासँगको साझेदारी कार्यक्रम सञ्चालनका लागि रू. १ करोड ७० लाख विनियोजन गरेको छु ।
- अन्य विविध योजना तथा कार्यक्रमहरू सञ्चालनका लागि रू. १ करोड ३० लाख विनियोजन गरेको छु।
- विविध सार्वजनिक निर्माणका लागि रू ७० लाख विनियोजन गरेको छु।
- पूर्वाधार शाखासँग सम्बन्धित कार्यक्रमका लागि १५ लाख विनियोजन गरेको छु ।
- ल्याण्डफिल्ड साइट निर्माण तथा सञ्चालनका लागि रू ३० लाख विनियोजन गरेको छु।

➢ **वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ६१ लाख विनियोजन गरेको छु ।**

➢ **संस्थागत क्षमता तथा सुशासन तर्फ १३ करोड १५ लाख ८ हजार रुपैया विनियोजन गरेको छु।**

**श्रद्धेय सभाध्यक्ष एवम् सदस्य ज्यूहरु,**

आयव्ययको अनुमान र वार्षिक विकास योजना तथा कार्यक्रमको विवरण यसैसाथ संलग्न अनुसूची १ र २ मा विस्तृत रूपमा रहेको बेहोरा अनुरोध गर्दछु।

अन्तमा,  बजेट निर्माणको सिलसिलामा अध्यक्षज्यू लगायत सम्पूर्ण जनप्रतिनिधि, राजस्व परामर्श समिति, विभिन्न विषयगत समिति, संघ संस्था, राजनीतिक दल, नागरिक समाज एवं विद्वतवर्ग एवम् राष्ट्रसेवक कर्मचारीबाट अर्थपूर्ण सुझाव प्राप्त भएकोमा सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु र प्रस्तुत बजेटको सफल कार्यान्वयनमा सबै पक्षको साथ र सहयोग रहने अपेक्षा गर्दछु ।

भाईकाजी तिवारी
उपाध्यक्ष
गल्छी गाउँपालिका

मितिः २०८३ असार ८ गते

# अनुसूची १

## आय व्ययको अनुमानित विवरण

| क्र.सं | आय | | क्र.सं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १ | आन्तरिक आय | १६५,८९१,८२४.०० | १ | सङ्घीय सशर्त चालु | १८८,६००,०००.०० |
| | १.१ आन्तरिक राजस्व | ५३,८९१,८२४.०० | २ | प्रदेश सशर्त चालु | २१,१७९,०००.०० |
| | १.२ स्थानीय राजस्व बाँडफाँड (दहत्तर बहत्तर) | ५०,०००,०००.०० | ३ | प्रदेश विशेष पूँजीगत | ५,०००,०००.०० |
| | १.३ नगद मौज्दात | ५०,०००,०००.०० | ४ | प्रदेश समपूरक पूँजीगत | २३,४००,०००.०० |
| | १.४ स्थानीय राजस्व बाँडफाँड (घरजग्गा रजिष्ट्रेशन शुल्क) | १२,०००,०००.०० | ५ | वडास्तरीय योजना | ३४,०००,०००.०० |
| २ | संघीय आय | ४१४,३५८,०००.०० | ६ | शाखास्तरीय कार्यक्रम | ९३,७६४,१२९.०० |
| | २.१ समानीकरण अनुदान | १३५,८००,०००.०० | ७ | समपूरक प्रदेश | ३५,१००,०००.०० |
| | २.२ सशर्त अनुदान चालु | १८८,६००,०००.०० | ८ | स्थानीय विशेष योजना | २५,०००,०००.०० |
| | २.३ राजस्व बाँडफाड | ८९,९५८,०००.०० | ९ | अन्य विविध योजना तथा कार्यक्रमहरू | १३,०००,०००.०० |
| ३ | प्रदेश आय | ९५,७९३,३०५.०० | १० | गत वर्षको दायित्व | ५०,०००,०००.०० |
| | ३.१ समानीकरण अनुदान | १२,७४४,०००.०० | ११ | चालु खर्च | १२५,०००,०००.०० |
| | ३.२ समपुरक अनुदान पूँजीगत | २३,४००,०००.०० | १२ | साझेदारी कार्यक्रम | १७,०००,०००.०० |
| | ३.३ सशर्त अनुदान चालु | २१,१७९,०००.०० | १३ | विविध | ३,०००,०००.०० |
| | ३.४ विशेष अनुदान पूजीगत | ५,०००,०००.०० | १४ | पालिकास्तरीय योजना | ३५,०००,०००.०० |
| | ३.५ सवारी कर बाँडफाड | ३३,४७०,३०५.०० | १५ | विविध सार्वजनिक निर्माण | ७,०००,०००.०० |
| | जम्मा | ६७६,०४३,१२९.०० | | जम्मा | ६७६,०४३,१२९.०० |

# अनुसूची २

## बार्षिक विकास कार्यक्रमको विवरण

| सि.नं.. | योजना/कार्यक्रमको नाम | बजेट रकम रू.मा | कैफियत |
|---|---|---|---|
| पालिका स्तरीय योजना तथा कार्यक्रम | | | |
| समपूरक योजना | | | |
| १ | दुम्सीकोट अदुवाबारी कार्कीडाँडा सडक स्तरोन्नति | १९,५००,०००.०० | एकमुष्ठ |
| २ | मछेडीखोला घिमिरेथुम्का पलाङखर्क सडक स्तरोन्नति | १९,५००,०००.०० | एकमुष्ठ |
| ३ | निबुवाबोटे तिनघरे चैनपुर राम्चे सडक स्तरोन्नति | १९,५००,०००.०० | एकमुष्ठ |
| जम्मा | | ५८,५००,०००.०० | |
| स्थानीय विशेष योजना | | | |
| १ | जँगारे डिउनीपोखरी वडा कार्यालय सडक स्तरोन्नती | ५,०००,०००.०० | |
| २ | खरिढुङ्गा बरभङ्ग्याङ्ग सडक स्तरोन्नती | ५,०००,०००.०० | |
| ३ | आमडांडा साईनडाँडा घर्तिगाउँ सडक स्तरोन्नति | ५,०००,०००.०० | |
| ४ | रोपाङ्गखोला फेदी दागर्चा बिर्ताडाँडा कोईलीखर्क सडक स्तरोन्नती | ५,०००,०००.०० | |
| ५ | चिसापानी बाङ्गागाउँ सडक स्तरोन्नती | ५,०००,०००.०० | |
| जम्मा | | २५,०००,०००.०० | |
| पालिकास्तरीय योजना | | | |
| १ | पालिकाबाट सञ्चालन हुने योजनाहरू | ३५,०००,०००.०० | |
| २ | आबधिक योजना निर्माण | १,०००,०००.०० | |
| ३ | पाइप खरिद | १,०००,०००.०० | |
| ४ | अम्लेश्रवर महादेव पर्रयटन विकास समिति मार्फत सरसफाई र नृत्य पुजा व्यवस्थापन | ५००,०००.०० | |
| ५ | क्रस कटिंग इस्यु | ७००,०००.०० | |
| ६ | सभाहल निर्माण | ३,०००,०००.०० | |
| ७ | पत्रकारिता क्षेत्र बिकास कार्यक्रम | ६००,०००.०० | |
| ८ | पाठ्यसामाग्री र पुस्तक छपाइ | १,७००,०००.०० | |
| ९ | ब्याडमिन्टन कोर्ट | २,०००,०००.०० | |
| १० | डिप बोरिङ तथा लिफ्टिङ खानेपानी (५०% महसुल भुक्तानी अनुदान) | १,०००,०००.०० | |
| ११ | विविध कार्यक्रम/योजना | ४,५००,०००.०० | |

| | | | |
|---|---|---|---|
| १२ | विविध सार्वजनिक निर्माण | ७,०००,०००.०० | |
| १३ | अन्य निकायसँगको साझेदारी कार्यक्रम | १७,०००,०००.०० | |
| १४ | चालु आ.व. (८२/८३) मा सम्पन्न हुन बाँकी योजनाको लागि | ५०,०००,०००.०० | |
| जम्मा | | १२५,०००,०००.०० | |
| १५ | पदाधिकारी सुविधा, कर्मचारी पारिश्रमिक,मसलन्द तथा कार्यालय सञ्चालन खर्च | १२५,०००,०००.०० | |
| शाखाबाट सम्पादन हुने योजना तथा कार्यक्रम | | | |
| १ | कृषि विकास | | |
| १.१ | संरक्षित संरचनामा तरकारी खेति प्रवर्द्धन कार्यक्रम ( ५०% सहभागिता) | ८००,०००.०० | |
| १.२ | एकीकृत शत्रु जीव व्यवस्थापन(IPM) प्रविधि प्रदर्शन तथा प्रबर्द्धन कार्यक्रम | १००,०००.०० | |
| १.३ | किसान वर्गीकरण गरी कृषक सूचिकरण तथा परिचय पत्र वितरण कार्यक्रम | ३००,०००.०० | |
| १.४ | युवा लक्षित कृषि व्यवसायलाई प्रबर्द्धन गर्न शुरुवाती लगानी(Startup Funding) वा बीउ पुँजी सहयोग कार्यक्रम | २००,०००.०० | |
| १.५ | साना सिँचाई प्रबर्द्धन कार्यक्रम | २००,०००.०० | |
| १.६ | कृषि यान्त्रिकरण तथा प्रविधि प्रबर्द्धन कार्यक्रम ( ५०% सहभागिता) | १,५००,०००.०० | |
| १.७ | बेमौसमी तरकारी खेति लक्षित उन्नत बीउको प्रयोगमा प्रोत्साहन कार्यक्रम | २००,०००.०० | |
| १.८ | प्रमुख खाद्यान्न बालीहरुको बीउको उपयोगमा प्रोत्साहन कार्यक्रम | १००,०००.०० | |
| १.९ | रैथाने बाली संरक्षण तथा प्रबर्द्धन कार्यक्रम | २००,०००.०० | |
| १.१० | कृषि उत्पादनको उचित मूल्यसहित बिक्रीवितरणको लागि उत्पादक, वितरक उपभोक्ता विचको अन्तर आबद्दता कायम गर्न अन्तरक्रीय कार्यक्रम | १००,०००.०० | |
| १.११ | Bio Pesticides को उपयोगमा प्रोत्साहन | १००,०००.०० | |
| १.१२ | बाली बीमा कार्यक्रम | १००,०००.०० | |

| | | | |
|---|---|---|---|
| १.१३ | प्लाष्टिक मल्चिङ प्रविधि प्रदर्शन तथा प्रबर्द्धन कार्यक्रम (५०% सहभागिता) | ४००,०००.०० | |
| १.१४ | ल्यापटप खरिद | १५०,०००.०० | |
| १.१५ | माटो परीक्षण सेवा सञ्चालन तथा सामग्री खरिद | ७००,०००.०० | |
| १.१६ | उत्कृष्ट कृषक सम्मान कार्यक्रम | १००,०००.०० | |
| १.१७ | उच्च उत्पादन हुने क्षेत्र र उत्पादनलाई प्राथमिकरण गरि उत्पादनमा आधारित अनुदान प्रोत्साहन कार्यक्रम | १००,०००.०० | |
| | जम्मा | ५,३५०,०००.०० | |
| २ | पशुपन्छी सेवा | | |
| २.१ | उत्पादनमा आधारित दूधमा प्रोत्साहान अनुदान कार्यक्रम | २,०००,०००.०० | |
| २.२ | पशुपंछी बीमा कार्य गर्ने कम्पनीहरुसंग अन्तरक्रिया तथा पशुपन्छी बीमा कार्यक्रम | ५००,०००.०० | |
| २.३ | पशुपन्छीको औषधी तथा खोप खरिद | १,२००,०००.०० | |
| २.४ | पशुपंछी घुम्ती शिविर तथा स्थलगत तालिम कार्यक्रम | १००,०००.०० | |
| २.५ | बिभिन्न खोपहरु लगाए बापत भ्याक्सिनेटरहरुलाई पारिश्रमिक | २००,०००.०० | |
| २.६ | रेबिज खोप कार्यक्रम | २५०,०००.०० | |
| २.७ | बार्षिक कार्यक्रम सम्बन्धी वडा स्तरीय अन्तरक्रिया कार्यक्रम | १००,०००.०० | |
| | जम्मा | ४,३५०,०००.०० | |
| ३ | सहकारी | | |
| ३.१ | गाउँपालिकास्तरीय सहकारी सञ्जाल गठन तथा सञ्चालन | १००,०००.०० | |
| ३.२ | सहकारी दिवस तथा उत्कृष्ट उत्पादनमूलक सहकारी संस्था सम्मान | १५०,०००.०० | |
| ३.३ | सहकारी संस्थाहरुको नियमित अनुगमन, निरीक्षण तथा नियमन | २००,०००.०० | |
| ३.४ | ग्द्धम्द्धत३ तथा लेखा व्यवस्थापन प्रणालीको प्रभावकारी संचालन सम्बन्धि ३ दिने तालिम | ३००,०००.०० | |
| | जम्मा | ७५०,०००.०० | |
| ४ | उद्योग | | |

| | | | |
|---|---|---|---|
| ४.१ | मागमा आधारित आवश्यक्ताको पहिचान गरि उद्यमशीलता र आधारभूत तथा स्तरोन्नती सीप विकास तालिम कार्यक्रम | ५००,०००.०० | |
| ४.२ | उद्यमी तथा सीपयुक्त जनशक्तिको अध्यवधिक अध्ययन, अभिलेख र उत्कृष्ट उद्यमी प्रोत्साहन तथा सम्मान कार्यक्रम | १००,०००.०० | |
| ४.३ | उद्यम तथा व्यवसायको समस्या वा आवश्यक्ता पहिचान गरी मागमा आधारित व्यवसाय तथा उद्यमीका लागी उपयुक्त प्रबिधि हस्तान्तरण | २५०,०००.०० | |
| ४.४ | मेड्पा निर्देशिका २०७७ बमोजिम नयाँ लघु उद्यमी श्रृजना उद्यमशिलता विकास तालिम,शिप बिकास तालिम ,स्तरोन्नती र समुहमा उपयुक्त प्रबिधी हस्तन्तरण कार्यक्रम | ५००,०००.०० | |
| ४.५ | उद्यम विकास समितिको वैठक तथा कार्यक्रमको अनुगमन | ५०,०००.०० | |
| | जम्मा | १,४००,०००.०० | |
| ५ | रोजगार तथा उद्यमशीलता प्रवर्द्धन | | |
| ५.१ | उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन (स्थानीय तहको शत प्रतिशत साझेदारी अनिवार्य) | १,०४७,०००.०० | |
| ५.२ | प्राविधिक सहायकको पारिश्रमिक | ४९६,६३९.०० | |
| ५.३ | प्राविधिक सहायकको पोसाक | १०,०००.०० | |
| ५.४ | वडागत रोजगार समिति सञ्चालन तथा परिचालन | १६८,०००.०० | |
| ५.५ | युवा लक्षित ३९० घण्टाको तालिम सञ्चालन | ३००,०००.०० | |
| ५.६ | सीप परीक्षण | १५०,०००.०० | |
| ५.४ | नवप्रवर्तनात्मक कार्यक्रम अनुदान | २५०,०००.०० | |
| ५.५ | आयोजना व्यवस्थापन (अनुगमन निरीक्षण) | ५०,०००.०० | |
| ५.६ | रिटर्नी स्वयम् सेवक परिचालन खर्च (न्युनतम रु.१७३०० प्रति व्यक्ति) | २२४,९००.०० | |
| ५.७ | मनोसामाजिक परामर्श सेवा/मानसिक स्वास्थ्य सम्बन्धी सेवा प्रवाहका लागी मनोसामाजिक परामर्शकर्ताको तलब साझेदारी ५०% | २१७,६३९.०० | |
| | जम्मा | २,९१४,१७८.०० | |
| ६ | स्वास्थ्य | | |

| | | | |
|---|---|---|---|
| ६.१ | आकस्मिक सेवा प्रोत्साहन भत्ता (रात्रिकालिन) र नियमानुसारको बायोहर्जाड भत्ता । | ५००,०००.०० | |
| ६.२ | करार कर्मचारीको तलब भत्ता | १४,०००,०००.०० | |
| ६.३ | म.स्वा.से. लाई मासिक ३ हजार रुपैयाका दरले प्रोत्साहन भत्ता | ८२८,०००.०० | |
| ६.४ | स्वास्थ्य बिमा कार्यक्रम(अपाङ्गता भएका व्यक्तिका लागि सत प्रतिशत निःशुल्क र दलितका लागि पचास प्रतिशत निःशुल्क) | ४००,०००.०० | |
| ६.५ | बैरेनी अस्पताल | २,०००,०००.०० | |
| ६.६ | ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम विस्तार गर्न यातायात, संचार खर्च तथा विविध | २००,०००.०० | |
| ६.७ | सुत्केरी तथा मातृ सुरक्षा कार्यक्रम, जटिल किसिमको दुर्घटनाका बिरामीहरुलाई निशुल्क साथै क र ख वर्गका अपाङ्गता भएका व्यक्ति र ७५ वर्ष माथिका जेष्ठ नागरिक बिरामी भएमा ५०% एम्बुलेन्स भाडा छुट दिनको लागि आवश्यक रकम (गाउँपालिकाको सरकारी स्वास्थ्य संस्थाबाट सेवा लिई प्रेषण भएका हरुका लागि मात्र) | ३००,०००.०० | |
| ६.८ | ज्येष्ठ नागरिक तथा दिर्घ रोगी घरदैलो तथा प्रशामक सेवा कार्यक्रम निरन्तरता | ३००,०००.०० | |
| ६.९ | पूर्ण खोप तथा सरसफाई प्रवर्द्धन र घरधुरी सर्भेक्षण | १००,०००.०० | |
| ६.१० | पानी जाँच तथा आवश्यकता अनुसार ब्लिचिङ पाउडर वितरण | ५०,०००.०० | |
| ६.११ | म.स्वा.से. अर्धवार्षिक तथा वार्षिक समिक्षा र दिवस मनाउने | १००,०००.०० | |
| ६.१२ | नसर्ने रोगहरु (सुगर,रक्तचाप/प्रेसर,मृगौला,क्यान्सर र प्रजनन् रुग्णता)को वृहत स्क्रिनिङ तथा परिक्षण तथा AMR कार्यक्रम | २५६,०००.०० | |
| ६.१३ | आधारभुत स्वास्थ्य सेवा केन्द्रका स्वास्थ्य चौकी र बैरेनी अस्पतालको लागि अनुदान | १,२००,०००.०० | |
| ६.१४ | सुत्केरी तथा नवजात शिसुलाई सुपानेट झुल, वेवी ब्ल्यांकेट, पेटिकोट, पेन्टि तथा अन्य विविध खर्च | २००,०००.०० | |
| ६.१५ | औषधी, सर्जिकल लगायत अन्य सामग्री खरिद | २,५००,०००.०० | |

| | | | |
|---|---|---|---|
| ६.१६ | बैरेनी अस्पतालमा साप्ताहिक/पाक्षिक/मासिक विशेषज्ञ चिकित्सक सहितको सेवा तथा स्वास्थ्य शिविर सन्चालन | ५००,०००.०० | |
| | जम्मा | २३,४३४,०००.०० | |
| ७ | शिक्षा, युवा तथा खेलकुद | | |
| ७.१ | स्थानीय शिक्षण सहयोग अनुदान | ५,९५५,८००.०० | |
| ७.२ | बालविकास तथा विद्यालय कर्मचारी थप पारिश्रमिक | ७,९६६,४००.०० | |
| ७.३ | अङ्ग्रेजी माध्यम शिक्षण प्रोत्साहन अनुदान | ६७०,०००.०० | |
| ७.४ | धार्मिक विद्यालय सञ्चालन अनुदान (शिक्षण स्वयंसेवक समेत) | १,१७४,०००.०० | |
| ७.५ | सामुदायिक सिकाइ केन्द्र परिचालक थप पारिश्रमिक | ४५५,१००.०० | |
| ७.६ | दिवाखाजा भान्से प्रोत्साहन | ५५०,०००.०० | |
| ७.७ | कक्षा ३ र ५ को उपलब्धि परीक्षण र ८ को स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | १,०००,०००.०० | |
| ७.८ | स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | १,७००,०००.०० | |
| ७.९ | राष्ट्रपति रनिङ शिल्ड जिल्ला सहभागिता | ७००,०००.०० | |
| ७.१० | अन्य निकायमा हुने खेलकुद प्रतियोगितामा सहभागिता | ४००,०००.०० | |
| ७.११ | पालिका स्तरिय खेलकुद प्रवर्द्धन | ५००,०००.०० | |
| ७.१२ | विद्यालयस्तरीय (त्रैमासिक र वार्षिक) परीक्षा सञ्चालन र व्यवस्थापन खर्च | ७००,०००.०० | |
| ७.१३ | अन्तर वडास्तरीय पुरूष र महिला भलिबल प्रतियोगिता | ८५०,०००.०० | |
| ७.१४ | प्रसुति बिदामा सट्टा शिक्षक व्यवस्थापन | ३००,०००.०० | |
| ७.१५ | शिक्षक, प्रधानाध्यापक तथा बालविकास सहजकर्ताका लागि क्षमता विकास सम्बन्धी तालिम | ३००,०००.०० | |
| ७.१६ | शिक्षा सम्बन्धी बैठक व्यवस्थापन | ४००,०००.०० | |
| ७.१७ | विद्यालयका विद्युतीय सामग्री मर्मत तथा व्यवस्थापन | ३००,०००.०० | |
| ७.१८ | सामुदायिक विद्यालयमा ई हाजीरी ब्यवस्थापन | २५०,०००.०० | |
| ७.१९ | विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण विधि कार्यान्वयन | १,२००,०००.०० | |
| ७.२० | विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन खर्च | २००,०००.०० | |
| ७.२१ | उत्कृष्ठ शिक्षक कर्मचारी सम्मान कार्यक्रम | १५०,०००.०० | |
| ७.२२ | शैक्षिक क्यालेण्डर निर्माण छपाई खर्च | ५०,०००.०० | |
| | | २५,७७१,३००.०० | |

| | | | |
|---|---|---|---|
| ८ | आयुर्वेद | | |
| ८.१ | करार कर्मचारीको पारिश्रमिक | १,६००,०००.०० | |
| ८.२ | आर्युवेद औषधी खरिद | २,०००,०००.०० | |
| ८.३ | सर्जिकल सामग्री खरिद | २००,०००.०० | |
| ८.४ | आयुर्वेद औषधालयमा पञ्चकर्म तथा क्षारसुत्र सेवा सञ्चालन | २५०,०००.०० | |
| ८.५ | स्तनपायी आमाहरूलाई दुग्धवर्दक औषधी वितरण कार्यक्रम | १५०,०००.०० | |
| ८.६ | प्याथोलोजी ल्याव सेवाको रिएजेन्ट तथा किट खरिद | ३००,०००.०० | |
| ८.७ | एक्स रे तथा जेनेरेटर मर्मत | ५०,०००.०० | |
| ८.८ | अत्यावश्यक एलोपेथिक औषधी खरिद | १५०,०००.०० | |
| ८.९ | स्वर्णविन्दु प्राशन कार्यक्रम | २५०,०००.०० | |
| ८.१० | कार्यालय सञ्चालन खर्च | २५०,०००.०० | |
| | | ५,२००,०००.०० | |
| ९ | महिला र ज्येष्ठ नागरिक | | |
| ९.१ | लैंगिक तथा यौन जन्य दुर्व्यवहार निवारण आचार संहिता निर्माण | ३०,०००.०० | |
| ९.२ | महिला लक्षित उद्दमशिलता विकास कार्यक्रम | ५००,०००.०० | |
| ९.३ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ५००,०००.०० | |
| ९.४ | मानव वेचविखन तथा ओसार पोसार विरुद्द कार्यक्रम | ५०,०००.०० | |
| ९.५ | स्मार्ट कार्ड प्रिन्टर खरिद | १५०,०००.०० | |
| ९.६ | बिभिन्न साँस्कृतिक कार्यक्रम | २५०,०००.०० | |
| ९.७ | विभिन्न दिवसिय कार्यक्रम | २५०,०००.०० | |
| ९.८ | अपाङ्गता सहायक सामाग्री वितरण कार्यक्रम | २००,०००.०० | |
| ९.९ | दलित सिमान्तकृत तथा अल्पसंख्यक कार्यक्रम | ३००,०००.०० | |
| ९.१० | लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान | १००,०००.०० | |
| ९.११ | GESI/GRB Audit | २००,०००.०० | |
| ९.१२ | भेन्डीङ/सेनेटरी प्याड डिस्पोजल मेसिन | २५०,०००.०० | |
| ९.१३ | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पूर्नस्थापना सहयोग कार्यक्रम | २५०,०००.०० | |
| ९.१४ | समन्वय समिति बैठक तथा अनुगमन भत्ता | २५०,०००.०० | |
| | | ३,२८०,०००.०० | |

| | | | |
|---|---|---|---|
| १० | **खानेपानी तथा सरसफाई** | | |
| १०.१ | गाउँपालिकाको प्रभावकारी सेवा प्रवाह, सुशासन, N-WASH प्रणाली कार्यान्वयन, खानेपानी तथा सरसफाइ सेवाको दिगोपना, स्रोत संरक्षण तथा संस्थागत सुदृढीकरणका लागि आवश्यक ऐन, नियम, नीति, कार्यविधि, मापदण्ड तथा निर्देशिका तर्जुमा, परिमार्जन र कार्यान्वयन | ५०,०००.०० | |
| १०.२ | गाउँपालिकामा सञ्चालित ठूला तथा रणनीतिक खानेपानी आयोजनाको प्रभावकारी सञ्चालन, मर्मत सम्भार र दिगोपना सुनिश्चित गर्न स्तह तालिम कार्यक्रम सञ्चालन | ५००,०००.०० | |
| | | ५५०,०००.०० | |
| ११ | **बालमैत्री स्थानीय शासन** | | |
| ११.१ | पालिका सञ्जाललाई नेतृत्व विकास | १५०,०००.०० | |
| ११.२ | रेडियो कार्यक्रम गल्छी बाल सरोकार निरन्तरता | १००,०००.०० | |
| ११.३ | पालिका बाल सञ्जाललाई Tshirt र ID card को व्यवस्था | ३०,०००.०० | |
| ११.४ | पालिका स्तरिय बालमैत्री सिकाई केन्द्र थप व्यवस्थापन | १००,०००.०० | |
| ११.५ | पालिका स्तरिय बाल उद्यान थप व्यवस्थित | २५०,०००.०० | |
| ११.६ | पालिका स्तरिय CFLG समिति,बाल अधिकार समिति,बालमैत्री सहजकर्ता बैठक खाजा /खाना खर्च | ५०,०००.०० | |
| ११.७ | पालिका स्तरिय बाल भेला | ५०,०००.०० | |
| ११.८ | दिवसिय कार्यक्रम | १००,०००.०० | |
| ११.९ | गल्छी बाल समुह सञ्जालको मासिक बैठक,यातायात/खाजा/खाना खर्च | १००,०००.०० | |
| ११.१० | गल्छी बाल समुह सञ्जालको अतरिक्त कार्यक्रम सञ्चालन खर्च | १५०,०००.०० | |
| ११.११ | बालबालिकालाई आत्मरक्षा सम्बन्धी सचेतना कार्यक्रम | ५०,०००.०० | |
| ११.१२ | बालमैत्री प्रवर्दनका लागि अन्तरपालिका समन्वयन र भ्रमण | २००,०००.०० | |
| ११.१३ | बालमैत्री सम्बन्धी छपाई, सुचना प्रसार प्रसारण,रेडियो जिङ्गल | १००,०००.०० | |
| ११.१४ | टुहुरा असहाय बालबालिकाका लागि बाल सुधार गृह सेफहाउस सँग सहकार्य | १००,०००.०० | |
| ११.१५ | वडा बालमैत्री सहजर्ताहरुको लागि पारश्रमिक र पोशाक | २,५९६,८००.०० | |
| | | ४,१२६,८००.०० | |

| | | | |
|---|---|---|---|
| १२ | पञ्जिकरण तथा सामाजिक सुरक्षा | | |
| १२.१ | व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम | ५०,०००.०० | |
| १२.२ | वडास्तरमा सामाजिक सुरक्षा भत्ता नवीकरण तथा बायोमेट्रिक भेरिफिकेसन | ३०,०००.०० | |
| १२.३ | सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी अधावधिक अभिमुखीकरण कार्यक्रम | ७०,०००.०० | |
| १२.४ | व्यक्तिगत घटना दर्ता सम्बन्धी वडास्तरीय नागरिक सचेतना कार्यक्रम (विद्यालय, आमा समूह, बालक्लब) | १००,०००.०० | |
| १२.५ | एम आई एस अपरेटर र फिल्ड सहायकको नपुग तलब भत्ता | ५८३,८५१.०० | |
| १२.६ | स्थानीय पञ्जिकाधिकारीहरुको त्रैमासिक बैठक | ५०,०००.०० | |
| | | ८८३,८५१.०० | |
| १३ | पूर्वाधार | | |
| १३.१ | ल्यान्डफिल साइट निर्माण तथा सञ्चालन | ३,०००,०००.०० | |
| १३.२ | निर्माण सामाग्री प्रयोगशाला स्तरोन्नति तथा क्षमता अभिवृद्धि | ५००,०००.०० | |
| १३.३ | योजना तथा पूर्वाधार शाखाको लागी विविध सामाग्री खरिद | ४००,०००.०० | |
| १३.४ | क्षमता विकास तालिम | ३००,०००.०० | |
| १३.५ | योजना software बिस्तार | ३००,०००.०० | |
| | | ४,५००,०००.०० | |
| १४ | वातावरण तथा विपद् व्यवस्थापन | | |
| १४.१ | विपद् व्यवस्थापन कोष | ४,०००,०००.०० | |
| १४.२ | फोहोरमैला व्यवस्थापन, समन्वय तथा सहकार्य | १,०००,०००.०० | |
| १४.३ | वन, वातावरण/विपद् व्यवस्थापनसँग सम्बन्धी अभिमूखिकरण कार्यक्रम | १००,०००.०० | |
| १४.४ | बजार क्षेत्र वृक्षारोपण तथा हरियाली कार्यक्रम | ५००,०००.०० | |
| १४.५ | विपद् सम्बन्धी सामग्री व्यवस्थापन | ५००,०००.०० | |
| | | ६,१००,०००.०० | |
| १५ | राजस्व | | |
| १५.१ | SUTRA व्यवस्थापन तालिम | १००,०००.०० | |
| १५.२ | करदाता व्यवसाय दर्ता नविकरण अभियान | १५०,०००.०० | |

| | | | |
|---|---|---|---|
| | | २५०,०००.०० | |
| १६ | न्यायिक समिति | | |
| १६.१ | मेलमिलाप सम्बन्धि ४८ घण्टे तालिम | ५००,०००.०० | |
| १६.२ | सविधान दिवसको अबसरमा सचेतना कार्यक्रम | १००,०००.०० | |
| १६.३ | न्यायीक समिति, मेलमिलाप केन्द्र व्यवस्थापन तथा परिचालन | ४००,०००.०० | |
| १६.४ | न्यायिक समिति सहजकर्ता अपुग पारिश्रमिक | २५४,०००.०० | |
| १६.५ | न्यायिक समितिको अनुभव आदान प्रदान तथा अध्यायन भ्रमण | २५०,०००.०० | |
| १६.६ | वडास्तरीय मेलमिलापकर्ता र सरोकारवालाको क्षमताविकास | २५०,०००.०० | |
| | | १,७५४,०००.०० | |
| १७ | सूचना प्रविधि | | |
| १७.१ | कार्यालयमा आधुनिक प्राविधिक उपकरण खरिद तथा मर्मत | २५०,०००.०० | |
| १७.२ | सार्वजनिक स्थलमा सिसिटिभि जडान तथा मर्मत | ५००,०००.०० | |
| १७.३ | कार्यालयका कर्मचारीको लागि MS Office package तथा Internet usage सम्बन्धी तालिम | २००,०००.०० | |
| १७.४ | AI तथा नवीनतम प्रवृति (latest trend) सम्बन्धी कर्मचारी, विद्यालयका कम्प्युटर शिक्षक र विद्यार्थीका लागि तालिम | २००,०००.०० | |
| १७.५ | कार्यालयले दिने सेवा र प्रक्रियाबारे जानकारी दिने डिजिटल डिस्प्ले बोर्डहरूको जडान | ५००,०००.०० | |
| | | १,६५०,०००.०० | |
| १८ | कर्मचारी प्रशासन | | |
| १८.१ | अन्तर स्थानीय तह असल अभ्यास आदान प्रदान | ३००,०००.०० | |
| १८.२ | उत्कृष्ठ प्रतिभा सम्मान तथा प्रोत्साहन कार्यक्रम | २००,०००.०० | |
| १८.३ | लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षा सञ्चालन | ५००,०००.०० | |
| १८.४ | जनप्रतिनिधी र कर्मचारी क्षमता विकास तालीम | ५००,०००.०० | |
| | | १,५००,०००.०० | |
| वडा स्तरीय योजना तथा कार्यक्रम | | | |

| | | | |
|---|---|---|---|
| १९ | वडा नं.१ | | |
| १९.१ | गिद्दिडाँडा तथा कालीखोला सडक स्तरउन्नती | २०००००.०० | |
| १९.२ | साधखोला,रुन्चे खोला सडक तथा धैरेनी गोरेटो बाटो | ३०००००.०० | |
| १९.३ | डि अधेरी रिपछाप सडक स्तरोन्नती | ३०००००.०० | |
| १९.४ | काप्राको बोट झोलुङ्गे पुल सडक मास्टार | १५००००.०० | |
| १९.५ | गैरी गाँउ, भदौरे सडक वाल तथा हिम पाईप | २०००००.०० | |
| १९.६ | धारापानी थुम्की, राताचौर, ट्रस निर्माण | २५००००.०० | |
| १९.७ | चाम्मोटे खहरे खोला गोरेटो बाटो | १०००००.०० | |
| १९.८ | बाटो सरसफाई | ५०००००.०० | |
| १९.९ | बतासे टार नाला तथा ग्राविल | २०००००.०० | |
| १९.१० | वडा भित्रका गोरेटो बाटो | ४०००००.०० | |
| १९.११ | सरस्वती मा.वि.अतिरिक्त कक्षा सञ्चालन | २०००००.०० | |
| १९.१२ | खेलकुद कार्यक्रम | २०००००.०० | |
| १९.१३ | स्वास्थ्य तथा शिक्षा सचेतनामुलक कार्यक्रम | १०००००.०० | |
| १९.१४ | बालमैत्री/अतिरिक्त कार्यक्रम उचित पुरस्कार | २००००.०० | |
| १९.१५ | वालसञ्जालको बैठक खाजा खर्च | ५००००.०० | |
| १९.१६ | खेलकुद सामाग्री व्यवस्थापन (बालमैत्री) | ३००००.०० | |
| १९.१७ | माथिल्लो सेरा फाँट सिचाँई कुलो | २०००००.०० | |
| १९.१८ | गगते सिचाँई कुलो | २०००००.०० | |
| १९.१९ | कार्यालय सञ्चालन खर्च | २०००००.०० | |
| १९.२० | विविध | १०००००.०० | |
| १९.२१ | विपद व्यवस्थापन | १०००००.०० | |
| | | ४०००००० | |
| २० | वडा नं. २ | | |
| २०.१ | रक्त बच्छला आधारभूत विद्यालय खाजा घर निर्माण | ३००,०००.०० | |
| २०.२ | धर्मद्वार आ.वि. रङ्ग रोगन तथा मर्मत | २००,०००.०० | |
| २०.३ | कल्लेरी मा.वि. मर्मत | १००,०००.०० | |

| | | | |
|---|---|---|---|
| २०.४ | अर्चले खानेपानी मर्मत | २००,०००.०० | |
| २०.५ | धारापानी क्रियापुत्री घर | १५०,०००.०० | |
| २०.६ | कल्लेरी स्वास्थ्य चौकी गेट निर्माण | २००,०००.०० | |
| २०.७ | बाटो सरसफाई | ५००,०००.०० | |
| २०.८ | गरञ्जा टोल सामुदायिक भवनमा सार्वजनिक शौचालय निर्माण | १००,०००.०० | |
| २०.९ | वेलिनीटार सार्वजनिक शौचालय निर्माण | २००,०००.०० | |
| २०.१० | पानमती चौतारोको थप निर्माण | १००,०००.०० | |
| २०.११ | शैक्षिक छात्रवृत्ति | १५०,०००.०० | |
| २०.१२ | बालमैत्री स्थानीय शासन दिगोपना कार्यक्रम | | |
| | १. अनाथ तथा विपन्न असहाय बालबालिकालाई शैक्षिक सामग्री वितरण | ४०,०००.०० | |
| | २. बालमैत्री स्थानीय शासन तथा बाल सहभागिता र बाल दिवश कार्यक्रम | १५,०००.०० | |
| | ३. बाल विवाह न्यूनिकरण सम्बन्धी कार्यक्रम | १०,०००.०० | |
| | ४. वडामा सेनिटरी प्याडको व्यवस्था | ८,०००.०० | |
| | ५. बालबालिकालाई नेतृत्व विकास कार्यक्रम | १०,०००.०० | |
| | ६. अतिरिक्त (जस्तै निवन्ध, कविता, वक्तृत्व) कार्यक्रम | १०,०००.०० | |
| | ७. विविध | ७,०००.०० | |
| २०.१३ | कृषि औजारको लागि ५० प्रतिशत अनुदान | १,०००,०००.०० | |
| २०.१४ | कार्यालय सञ्चालन तथा मसलन्द | २००,०००.०० | |
| २०.१५ | विविध | २००,०००.०० | |
| २०.१६ | विपद् व्यवस्थापन कार्य | ३००,०००.०० | |
| | | ४,०००,०००.०० | |
| २१ | वडा नं..३ | | |
| २१.१ | कोडथोक गुसेश्वर देउराली सडक | २००,०००.०० | |
| २१.२ | सडक सरसफाइ | ७००,०००.०० | |
| २१.३ | साइनडांडा खानेपानी ट्याङ्की | २००,०००.०० | |

| | | | |
|---|---|---|---|
| २१.४ | युवा तथा खेलकुद सामान खरिद | १००,०००.०० | |
| २१.५ | जेष्ठ नागरिक | १००,०००.०० | |
| २१.६ | पोखरीगाउँ बुध्द मन्दिर निर्माण | २००,०००.०० | |
| २१.७ | बालमैत्री व्यवस्थापन | १००,०००.०० | |
| २१.८ | धादिङ्ग आविमा अध्ययन गर्ने बालबालिकाका लागि यातायात सहयोग | १००,०००.०० | |
| २१.९ | छोटेटार सिंचाइ कुलो विकास निर्माण | १००,०००.०० | |
| २१.१० | भद्वार वलौटे सिंचाइ कुलो | २००,०००.०० | |
| २१.११ | टारी डुम्रीखोला सिंचाइ | २००,०००.०० | |
| २१.१२ | सादिखोला आमडांडा डुम्रीखोला मुहान सिंचाइ कुलो | १००,०००.०० | |
| २१.१३ | आँगेटारी छाप कुलो | २००,०००.०० | |
| २१.१४ | छविसे बाँध निर्माण | १००,०००.०० | |
| २१.१५ | पिपलवोट सिंचाइ पोखरी | १००,०००.०० | |
| २१.१६ | रट्टावोट सिंचाइ पोखरी निर्माण | २००,०००.०० | |
| २१.१७ | भुलभुले सिंचाइ कुलो निर्माण | २००,०००.०० | |
| २१.१८ | कार्यालय सञ्चालन | २००,०००.०० | |
| २१.१९ | वडा कार्यालय मर्मत तथा रंगरोगन | १००,०००.०० | |
| २१.२० | विविध | ३००,०००.०० | |
| २१.२१ | विपद व्यवस्थापन | ३००,०००.०० | |
| | | ४०००००० | |
| २२ | वडा नं.. ४ | | |
| २२.१ | ४ नं.. वडाको दशै बाटो सरसफाई | ३००,०००.०० | |
| २२.२ | गहतेदोबाटो देखि चिरौदी खोला हुँदै कमर टोलबाटो स्तरोन्नती | २००,०००.०० | |
| २२.३ | बाँसको बोटदेखि तल्लो बारीसम्म बाटो निर्माण | ४००,०००.०० | |
| २२.४ | थुम्का देखि भदौरे खोला सम्मको बाटो स्तोन्नती | १००,०००.०० | |
| २२.५ | सिद्देश्वर मन्दिर देखि आँपको बोट सम्म बाटो स्तरोन्नती | २००,०००.०० | |
| २२.६ | स्वरोजगार तर्फ- खहरेखोला देखि भदौरे सिंढी निर्माण | १००,०००.०० | |
| २२.७ | आले खोल्सी देखि ढकालबारी टोसम्म सिंढी | १००,०००.०० | |
| २२.८ | सेतीदेवी मन्दिर सिंढी निर्माण | १००,०००.०० | |
| २२.९ | नयाँ विरौटा देखि डाँडापाटा सम्म सिंढी | १००,०००.०० | |

| | | | |
|---|---|---|---|
| २२.१० | गर्दोखोलादेखि फेदी सम्म सिंढी | १००,०००.०० | |
| २२.११ | जनकल्याण मावि शैक्षिक गुणस्तर अभिवृद्धि अनुदान | २००,०००.०० | |
| २२.१२ | किराञ्चोक कार्कीडाँडा मावि शैक्षिक गुणस्तर अभिवृद्धि अनुदान | १००,०००.०० | |
| २२.१३ | महिला, बालबालिका, दलित र लक्षित वर्ग (क्षमता विकास र प्रविधि हस्तान्तरण) | ३००,०००.०० | |
| २२.१४ | विविध खर्च | २००,०००.०० | |
| २२.१५ | कार्कीडाँडा आमा समूहको लागि भाडा खरिद (२५ प्रतिशत साझेदारी) | २००,०००.०० | |
| २२.१६ | बाल उद्यान तथा जेष्ठ नागरिकको लागि मासटार चोक भन्दा माथिल्लो चोकमा पार्क निर्माण | २००,०००.०० | |
| २२.१७ | श्री रणकालीका मन्दिर संरक्षण समिति अनुदान (सरसफाइ/ दैनिक पूजा व्यवस्थापन) | २००,०००.०० | |
| २२.१८ | ज्यामिरे आले हुँदै सलम्बु सिँचाइ कुलो | २००,०००.०० | |
| २२.१९ | वडा कार्यालय सञ्चालन | २००,०००.०० | |
| २२.२० | **बालमैत्री कार्यक्रम सञ्चालन** | | |
| | १. अनाथ असहाय बालबालिका शैक्षिक सामग्री | ५०,०००.०० | |
| | २. बालसहभागिता र बाल दिवस | २०,०००.०० | |
| | ३. बालविवाह न्यूनिकरण | १०,०००.०० | |
| | ४. अतिरिक्त क्रियाकलाप | १००,०००.०० | |
| | ५. आर्थिक रूपमा विपन्न बालबालिकाहरूलाई पोशाक वितरण | ५०,०००.०० | |
| | ६. बालक्लब/सञ्जाल बैठक खर्च | ७०,०००.०० | |
| २२.२१ | भैपरी विपद् | २००,०००.०० | |
| | | ४,०००,०००.०० | |
| २३ | वडा नं.. ५ | | |
| २३.१ | बाटो सरसफाई साविक वडा २ र ६ | ६५०,०००.०० | |
| २३.२ | बाटो सरसफाई साविक वडा ४ र ५ | ७००,०००.०० | |
| २३.३ | सिरवानी काप्रेडाँडा रातमाटे खेत सडक निमार्ण | २००,०००.०० | |
| २३.४ | पाल्पे डाडा माथिल्लो टुक्टिङ सिमलबोट सडक स्तरोन्नती | २००,०००.०० | |
| २३.५ | तल्लो भुजेल टोल सडक निर्माण | २००,०००.०० | |
| २३.६ | बिचटोल खरपानी रातमाटे सडक निर्माण | २००,०००.०० | |

| | | | |
|---|---|---|---|
| २३.७ | सिङ्गरडाँडा कोइलीखर्क भुमिचुली सडक निर्माण | २००,०००.०० | |
| २३.८ | आपचौंर गेगर भञ्याङ सडक निर्माण | १५०,०००.०० | |
| २३.९ | जलकन्या आ वि संरक्षण | १५०,०००.०० | |
| २३.१० | शैक्षिक कार्यक्रम सञ्चालन | १००,०००.०० | |
| २३.११ | बाघखोर सडक निर्माण र मनकामना मन्दिर स्तरोन्नती | २००,०००.०० | |
| २३.१२ | उत्पन्न मन्दिर संरक्षण | २००,०००.०० | |
| २३.१३ | नयाँ गाउँ छहरा खानेपानी | २००,०००.०० | |
| २३.१४ | आँपचौर टाइलडाँडा खानेपानी | २००,०००.०० | |
| २३.१५ | सागिने तल्लो पाल्चोक खानेपानी | २००,०००.०० | |
| २३.१६ | काप्रे डाडा मणरघाट ट्रस निमार्ण | १५०,०००.०० | |
| २३.१७ | सिचाइ तथा खानेपानी पाईप | २००,०००.०० | |
| २३.१८ | कार्यालय संचालन खर्च | २००,०००.०० | |
| २३.१९ | विविध खर्च | २००,०००.०० | |
| २३.२० | बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन | २००,०००.०० | |
| २३.२१ | विपद व्यवस्थापन | ३००,०००.०० | |
| | | ५,०००,०००.०० | |
| २४ | वडा नं.. ६ | | |
| २४.१ | सिढी निर्माण | १००,०००.०० | |
| २४.२ | महेशदोभान गैरी अम्बोटे सडक स्तरोन्नती | २००,०००.०० | |
| २४.३ | सिम्ले खेत ट्रस निर्माण | १००,०००.०० | |
| २४.४ | कुसुनडाँडा बाटो मर्मत | २००,०००.०० | |
| २४.५ | बाहुन पलाङ क्रियापुत्री ट्रस निर्माण | २००,०००.०० | |
| २४.६ | रातमाटे महेशफाँट बाटो | १५०,०००.०० | |
| २४.७ | बालमैत्री कार्यक्रम | २००,०००.०० | |
| २४.८ | खानेपानी व्यवस्थापन | २००,०००.०० | |
| २४.९ | महिला तथा जेष्ठ नागरिक | १००,०००.०० | |
| २४.१० | धर्म संस्कृति जर्गेर्ना | १००,०००.०० | |
| २४.११ | शैक्षिक सुधार कार्यक्रम | ५००,०००.०० | |
| २४.१२ | अम्बोटे माझिखेत कुलो मर्मत | १५०,०००.०० | |
| २४.१३ | कृष्ण मन्दिर तथा पार्क निर्माण | ५००,०००.०० | |

| | | | |
|---|---|---|---|
| २४.१४ | कार्यालय व्यवस्थापन | १००,०००.०० | |
| २४.१५ | विविध | ५००,०००.०० | |
| २४.१६ | वडा कार्यालय सञ्चालन | २००,०००.०० | |
| २४.१७ | फोहोर मैला व्यवस्थापन र वडा सरसफाई | ३००,०००.०० | |
| २४.१८ | विपद् व्यवस्थापन | २००,०००.०० | |
| | | ४,०००,०००.०० | |
| २५ | वडा नं.. ७ | | |
| २५.१ | ग्रामिण सडक सरसफाई | ६००,०००.०० | |
| २५.२ | भालुखोप सामुदायिक भवन निर्माण | ४००,०००.०० | |
| २५.३ | मंकाली मन्दिर निर्माण | ५००,०००.०० | |
| २५.४ | दोभान डाँडा ठुल्चौर कागेश्वरी सडक निर्माण | ६००,०००.०० | |
| २५.५ | भोटेपलाङ गहिरो घिमिरेथुम्का सडक स्तरउन्नती | ५००,०००.०० | |
| २५.६ | खानेपानी/सिँचाई पाइप खरिद | ३००,०००.०० | |
| २५.७ | बालमैत्री सम्बन्धी कार्यक्रम | | |
| | १. वडा बालसञ्जाल र बालसमूहको अतिरिक्त क्रियाकलाप | ५०,०००.०० | |
| | २. बालसञ्जालका सदस्यहरूलाई उद्घोषण सम्बन्धी तालिम | २५,०००.०० | |
| | ३. खेलकुद सामग्री खरिद | ३०,०००.०० | |
| | ४. बालविवाह, बालहिंसा र बालश्रम सम्बन्धी सचेतना कार्यक्रम | १०,०००.०० | |
| | ५. अनाथ तथा विपन्न र असहाय बालबालिकालाई शैक्षिक सामग्री वितरण | २५,०००.०० | |
| | ६. दिवसीय कार्यक्रम | १०,०००.०० | |
| | ७. बाल उद्यान व्यवस्थापन | ५०,०००.०० | |
| २५.८ | विविध खर्च | २८५,०००.०० | |
| २५.९ | कार्यालय संचालन | २००,०००.०० | |
| २५.१० | विपद व्यवस्थापन | ३००,०००.०० | |
| २५.११ | जग्गा बहाल (ल्याण्डफिल्ड साइड गल्छी-७) | ११५,०००.०० | |
| | | ४,०००,०००.०० | |
| २६ | वडा नं.. ८ | | |
| २६.१ | असारे-पालटोल सडक स्तरोन्नती | ५००,०००.०० | |

| | | | |
|---|---|---|---|
| २६.२ | चमेली गैरी धाराखोला सडक निर्माण | ३००,०००.०० | |
| २६.३ | धारापानी फुर्के सल्ला सडक | १५०,०००.०० | |
| २६.४ | बाटो सरसफाई (साविक वडा नं.. १, २ र ३) | १,०००,०००.०० | |
| २६.५ | बाटो सरसफाई(साविक वडा नं.. ४ र ९) | ८००,०००.०० | |
| २६.६ | लिफ्ट खानेपानी विद्युत्त महशुल | २००,०००.०० | |
| २६.७ | श्री सातकन्या जाल्पादेवी मन्दिर निर्माण, डाँडागाउँ | २००,०००.०० | |
| २६.८ | एक घर एक धारा, गल्छी ८ | ६००,०००.०० | |
| २६.९ | लाकुरीचौतारा थिङटोल खानेपानी योजना | २००,०००.०० | |
| २६.१० | बालमैत्री सम्बन्धी विविध कार्यक्रम र खाजा खर्च | १५०,०००.०० | |
| २६.११ | डी खेलकुद मैदान निर्माण तथा संरक्षण | २००,०००.०० | |
| २६.१२ | विविध | २००,०००.०० | |
| २६.१३ | कार्यालय सञ्चालन | २००,०००.०० | |
| २६.१४ | विपद् व्यवस्थापन | ३००,०००.०० | |
| | | ५,०००,०००.०० | |
| **संघीय सशर्त अनुदानका योजना तथा कार्यक्रम** | | | |
| **स्वास्थ्य** | | | |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | १७,१००,०००.०० | |
| २ | किशोरकिशोरी स्वास्थ्य सेवा | ७२,०००.०० | |
| ३ | पोषणमैत्री स्थानीय शासन प्रवर्धन | ३००,०००.०० | |
| ४ | परिवार योजना सेवा | ८०,०००.०० | |

| | | | |
|---|---|---|---|
| ५ | स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपना, एफ. आई.पी.भी. खोप अभियान, खोपबाट वचाउन सकिने रोगहरुको निगरानी, नमुना संकलन तथा ब्यबस्थापन, सरसफाई प्रबद्र्धन कार्यक्रमको समिक्षा र सुक्ष्मयोजना अद्यावधिकको लागि १ दिने गोष्ठी, पूर्ण खोप वडा, पालिका सुनिश्चता र दिगोपनाको लागि व्यवस्थापन खर्च | ३८१,०००.०० | |
| ६ | पोषण कार्यक्रम | २६८,०००.०० | |
| ७ | म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | ४६०,०००.०० | |
| ८ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | ८२४,०००.०० | |
| ९ | समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ (फागुन महिना) तथा जनचेतना कार्यक्रम सन्चालन | १३०,०००.०० | |
| १० | डेङ्गी लगायत किटजन्य रोगहरुको नियन्त्रणका हात्तीपाईले रोग विरुद्व आम औषधी सेवन अभियान हात्तीपाईलेका बिरामीहरुको स्व-हेरचाह समुह गठन तथा सञ्चालन औलो ग्रामीण कार्यकर्ता परिचालन तथा व्यवस्थापन लक्षित जनसंख्यामा आधारित औषधी सेवन कार्यक्रम औलो कालाजार ए.सी.डि. निवारण उन्मुख रोगहरुको केश अनुसन्धान निगरानी र माईग्रान्ट केन्द्रित क्रियाकलाप सञ्चालन | ११०,०००.०० | |
| ११ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | १,२८३,०००.०० | |
| १२ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च ) | ७००,०००.०० | |

| | | | |
|---|---|---|---|
| १३ | क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृयक्षयरोग खोजपडताल कार्यक्रम र पि.बि.सि. बिरामीका घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण | १०५,०००.०० | |
| १४ | स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत) | ११३,०००.०० | |
| १५ | नियमित तथ्याङ्कको गुणस्तर वृद्विका लागि पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन तथा भ्यालिडेसन एवं गुणस्तर सुधार साथै अर्धबार्षिक एवं बार्षिक समिक्षा | २४०,०००.०० | |
| १६ | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ, ई-टि.बि रजिस्टरअध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम, स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण, क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहर्ट विश्लेशण | ९५,०००.०० | |
| १७ | मृगौंला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च बापत मासिक रु.५ हजार दरले उपलब्ध गराइने रकम | ३,५४०,०००.०० | |
| १८ | द्रुत प्रतिकार्य समितिको नियमित बैठक तथा द्रुत प्रतिकार्य टोलि अध्यावधिक | २०,०००.०० | |
| १९ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | ९२,०००.०० | |
| २० | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १,१८७,०००.०० | |
| २१ | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुको लागि म्क्त्र स्२ सम्बन्धी अभिमुखिकरण | ६०,०००.०० | |
| २२ | मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम | ४०,०००.०० | |
| | जम्मा | २७,२००,०००.०० | |

| | शिक्षा | | |
|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरवन्दी शिक्षक, राहत अनुदान शिक्षकका लागि तलबभत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/कर्मचारी समेत) | ९५,१००,०००.०० | |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दी शिक्षक, राहत अनुदान शिक्षकका लागि तलबभत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/कर्मचारी, प्राविधिक धारमा प्रशिक्षक समेत) | १७,२००,०००.०० | |
| ३ | प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १०,४३५,०००.०० | |
| ४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | २,४२४,०००.०० | |
| | विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | १,१८८,०००.०० | |
| ५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ७,११४,०००.०० | |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३,२९०,०००.०० | |
| ७ | सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ७६६,०००.०० | |
| ८ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | १,३७४,०००.०० | |
| ९ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | ८७०,०००.०० | |
| १० | अनौपचारिक/परम्परागत शिक्षा सञ्चालन अनुदान | १,१२०,०००.०० | |
| ११ | सामुदायिक विद्यालयहरूमा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान | २,६१५,०००.०० | |
| १२ | शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालन | ४९०,०००.०० | |
| १३ | आधारभूत सिकाइ (Foundational Learning) प्रवर्द्धन कार्यक्रम सञ्चालन | १,०४१,०००.०० | |
| १४ | स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि अनुदान | ७४६,०००.०० | |

| | | | |
|---|---|---|---|
| १५ | माध्यमिक तह (कक्षा ९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५,७८०,०००.०० | |
| १६ | आधारभूत तह (कक्षा ६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदा | १,८४६,०००.०० | |
| १७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | ५०१,०००.०० | |
| | जम्मा | १५३,९००,०००.०० | |
| | बाल विकास कार्यक्रम | | |
| १ | बालापनको रक्षा भविष्यको सुरक्षा | ७००,०००.०० | |
| | आयुर्वेद | | |
| १ | आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषधालय) | ६००,०००.०० | |
| | लघु उद्यम विकास कार्यक्रम | | |
| १ | उद्यम विकास सहजकर्ताको पारिश्रमिक (एकमुष्ट) | ८२७,०००.०० | |
| २ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि ५ जनाको समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम | ७०,०००.०० | |
| ३ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम उद्यमीको स्तरोन्नति (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | ३५,०००.०० | |
| ४ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लई उद्यमी सिर्जना गर्ने) | १६८,०००.०० | |
| | जम्मा | १,१००,०००.०० | |
| | कृषि | | |
| १ | किसान सूचीकरण कार्यक्रम | ५०,०००.०० | |
| २ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम | २०,०००.०० | |
| ३ | व्यवसायिक फलफुल खेति प्रवर्द्धन कार्यक्रम | ७००,०००.०० | |
| ४ | विषादी सचेतना तथा न्यूनिकरण कार्यक्रम | १००,०००.०० | |
| | जम्मा | ८७०,०००.०० | |
| | पशुपन्छी | | |
| १ | कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकहरूको तलबभत्ता | २३०,०००.०० | |

| | | | |
|---|---|---|---|
| २ | एक पालिका एक भेटेरिनरी डाक्टर | ५०५,०००.०० | |
| ३ | कृतिम गर्भाधान मिसन कार्यक्रम | ७५,०००.०० | |
| ४ | कुकुरमा रेविज नियन्त्रण कार्यक्रम | ६०,०००.०० | |
| ५ | पशुपन्छीमा महामारी/आकस्मिक रोग नियन्त्रण तथा थ्क्झ्ज्ञ रिपोर्टिङ कार्यक्रम | ६०,०००.०० | |
| | जम्मा | ९३०,०००.०० | |
| | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र रोजगार प्रवर्द्धन कार्यक्रम | | |
| १ | मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौं तह) को करार सेवा शुल्क (५० % रकम संघ सरकार मार्फत् विनियोजन) | २३७,०००.०० | |
| २ | स्थानीय तह/रोजगार सेवा केन्द्र द्वारा समुदाय स्तरमा सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम | ८८,०००.०० | |
| ३ | स्थानीय तह कार्यक्रम कार्यान्वयन समितिको बैठक व्यवस्थापन खर्च | १५,०००.०० | |
| ४ | मनोसामाजिक परामर्शकर्ताको दैनिक भ्रमण भत्ता तथा यातायात र सञ्चार खर्च | ६०,०००.०० | |
| ५ | रोजगार संयोजकको तलब | ५६८,०००.०० | |
| ६ | रोजगार संयोजकको पोशाक | १०,०००.०० | |
| ७ | डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखीकरण एवम् प्रवर्द्धन कार्यक्रम | २५,०००.०० | |
| ८ | उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन (स्थानीय तहको शत प्रतिशत साझेदारी अनिवार्य) | १,०४७,०००.०० | |
| ९ | रोजगार सेवा केन्द्र सञ्चालन खर्च (मसलन्द, अनुगमन/इन्धन/रोजगारीमा खटिनुपूर्व अभिमुखीकरण, अन्य विविध खर्च) | १००,०००.०० | |
| १० | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन | २५,०००.०० | |
| ११ | रोजगारी सिर्जना एवम् प्रवर्द्धन सम्बन्धी सरोकारवाला सँग रणनीतिक संवाद तथा छलफल कार्यक्रम | २५,०००.०० | |
| १२ | जम्मा | २,२००,०००.०० | |
| १३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन योजना | ६००,०००.०० | |
| | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | | |

| | | | |
|---|---|---|---|
| १ | स्थानीय तहका MIS Operator को लागत साझेदारी अन्तर्गत संघीय सरकारले बेहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले बेहोर्ने) | २४९,०००.०० | |
| २ | स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघीय सरकारले बेहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले बेहोर्ने) | २३१,०००.०० | |
| ३ | एम आई एस अपरेटर र फिल्ड सहायक पोशाक भत्ता | २०,०००.०० | |
| | जम्मा | ५००,०००.०० | |
| | सङ्घीय सशर्त जम्मा | १८८,६००,०००.०० | |
| | **प्रदेश सशर्त अनुदानका योजना तथा कार्यक्रम** | | |
| | **विशेष योजना प्रदेश** | | |
| १ | कल्लेरी खानेपानी आयोजना | ५,०००,०००.०० | |
| | **सशर्त अनुदान प्रदेश** | | |
| १ | उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान | १,०००,०००.०० | |
| २ | स्थानीय न्यायीक सहजकर्ता कार्यक्रम (पारिश्रमिक तथा पोशाक खर्च) | २५४,०००.०० | |
| ३ | गैरी दोबाटो फेदीचौतारा हुँदै इन्द्रयणी मन्दिर जाने सडक निर्माण | २,०००,०००.०० | |
| ४ | टुक्टिङ कोइलीखर्क हुँदै विर्ताडाँडा सडक निर्माण | २,०००,०००.०० | |
| ५ | माध्यमिक तह(कक्षा ९-१०) मा शुन्य दरवन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा शिक्षण सहयोग अनुदान | ६२५,०००.०० | |
| ६ | बैरेनी अस्पताल आकस्मिक ट्रमा सेवा सञ्चालन | १५,०००,०००.०० | |
| ७ | बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम | १००,०००.०० | |

| | | | |
|---|---|---|---|
| ८ | अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | २००,०००.०० | |
| | **जम्मा** | २१,१७९,०००.०० | |